# पशु बधशाला निर्माण तथा सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५

प्रदेश सरकार, (माननीय मूख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तर)
मिति २०७५/०७/०९ को निर्णयबाट स्वीकृत

प्रदेश सरकार

प्रदेश नं.१

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बिराटनगर

सचिव

# पशु बधशाला निर्माण तथा सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका,२०७५

**प्रदेश सरकार, माननीय मूख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तरबाट स्वीकृती प्राप्त** मिती : २०७५/०७/०९

प्रस्तावना :

नेपाल सरकारले पशु बधशाला तथा मासु जांच ऐन २०५५, नियमावली २०५७ र प्राविधिक निर्देशिका २०६४ तर्जुमा गरेको २० बर्षौ वितिसक्दा पनि आवश्यक पूर्वाधारको अभावमा प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन। एकातर्फ पशु बधशालाको अभावमा मासु बजारिकरण व्यवस्थित हुन नसक्दा उपभोक्ताहरु गुणस्तरीय मासु सेवन गर्न पाउने अधिकारबाट बन्चित छन् भने अर्को तर्फ धेरै प्रयासका गर्दा गर्दै पनि अझ व्यवस्थित हुन नसक्दा पशु बधशालाको स्थापना र संचालनको लागि ठूलो आर्थिक लगानी, प्रविधि र दक्षता आवश्यक पर्ने तथा एकल प्रयासले मात्र मासु बजारिकरणको समग्र पाटोमा सुधार गर्न नसकिने ठानेर यस भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले मासुको बजारिकरणलाई व्यवस्थित बनाई उपभोक्ताको हकहित संरक्षण गरी मासु व्यवसायीलाई थप गुणस्तरीय बनाउन यो **"पशु बधशाला निर्माण तथा सुधार कार्यक्रम कार्यान्वय निर्देशिका, २०७५"** तर्जुमा गरी लागू गरिएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षीप्त नाम र प्रारम्भ**

१.१ यो निर्देशिकाको नाम **"पशु बधशाला निर्माण तथा सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५"** रहेको हुनेछ ।

१.२ यो निर्देशिका प्रदेश सरकारबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगको अर्को अर्थ नलागेमा यस निर्देशिकामा**

(क) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

(ख) **"कार्यालय"** भन्नाले कार्यक्रम संचालनको अख्तियारी प्राप्त भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुलाई समेत सम्झनु पर्दछ ।

(ग) **"साझेदार"** भन्नाले पशु बधशाला निर्माण तथा सुधार कार्यक्रमको लागत सहभागितामा संचालन गर्नका लागि ईच्छुक स्थानिय तह, सहकारी, संघ, संस्था र निजि क्षेत्र, फर्म, कम्पनी, निजी उद्यमी, व्यवसायीक संघ संगठन समेतलाई जनाउँदछ ।

सचिव

(घ) **"साझेदारी"** भन्नाले पशु बधशाला निर्माण तथा सुधार कार्यक्रम संचालनका लागि दुई वा दुई भन्दा बढी सरकारी निकायहरु वा सहकारी, निजी क्षेत्र एवं गैर सरकारी क्षेत्र विच द्विपक्षिय/वहुपक्षिय सम्झौताका आधारमा हुने लागत सहभागितालाई जनाउँदछ ।

(ङ) **"गैर सरकारी क्षेत्र"** भन्नाले कानून बमोजिम दर्ता भएको सहकारी संस्था, व्यवसायिक संघ/संगठन, नीजि फर्म, कम्पनी एवं निजी उद्यमीलाई जनाउँदछ ।

(च) **"अनुदानग्राही"** भन्नाले अनुदान प्राप्तिका लागि छनौट भएका स्थानिय तह, उद्योग बाणिज्य संघ/संस्था, सहकारी, संघ/संस्था, फर्म, कम्पनी, निजी उद्यमी/व्यवसायीलाई जनाउँदछ ।

(छ) **"द्विपक्षिय/बहुपक्षिय सम्झौता"** भन्नाले सम्बन्धित कार्यालय र साझेदारहरुका बिच कार्यक्रम सम्पन्न गर्नको लागि गरिएको सम्झौता पत्र सम्झनु पर्दछ ।

(ज) **"मासु"** भन्नाले मानिसले खान योग्य पशुपन्छीको मासु भन्ने सम्झनु पर्दछ ।

(झ) **"पशुपन्छी"** भन्नाले घरपालुवा गाई, भैसी, भेडा, बाख्रा, वंगुर, जस्ता चौपाया तथा कुखुरा, परेवा, हाँस, अस्ट्रिच, टर्की जस्ता सबै जाति र उमेरका भाले र पोथीलाई समेत जनाउँदछ ।

(ञ) **"सहकारी"** भन्नाले सहकारी ऐन, २०७४ अनुसार तथा प्रदेश सहकारी ऐन वा स्थानिय सहकारी ऐन अनुसार गठित सहकारी संस्थालाई सम्झनु पर्दछ ।

(ट) **"प्रस्तावक"** भन्नाले अनुदान कार्यक्रममा भाग लिन प्रस्ताव पेश गर्ने वा गर्न सक्ने कुनै संस्था सम्झनु पर्दछ ।

(ठ) **"प्रस्ताव"** भन्नाले सार्वजनिक निकायले अनुदानका लागि प्रकाशन गरेको सूचना अनुरुप सो निकायले तोकिएको ढाँचामा प्रस्तावक कर्ताले पेश गरेको कागजात सम्झनु पर्दछ ।

(ड) **"पशु बधशाला"** पशु बधशाला तथा मासु जांच ऐन २०५५, नियमावली २०५७ र पशु बधशाला तथां मासु जाँच प्राविधिक निर्देशिका २०६४ मा परिभाषित गरिए बमोजिमको पशुपन्छी बध गर्ने संरचना/स्थानलाई जनाउँदछ ।

(ढ) **"मीट मार्ट"** भन्नाले पशु बधशाला तथा मासु जांच ऐन २०५५, नियमावली २०५७ र पशु बधशाला तथा मासु जाँच प्राविधिक निर्देशिका २०६४ मा परिभाषित गरिए बमोजिमको पशुपन्छी बध गरि प्रशोधित वा अप्रोशोधित मासुलाई उचित तापक्रममा भण्डारण गरी स्वच्छ वातावरणमा विक्री गर्ने संरचना/स्थानलाई जनाउँदछ ।

(ण) **"रेफ्रिजेरेटेड भेन"** भन्नाले मासुलाई चिसो बनाएर संरक्षण गरी राखि ढुवानी गर्ने सुविधायुक्त विभिन्न क्षमताको सवारी साधन जनाउँदछ ।

(त) **"मासु चिस्यान घर"** भन्नाले उपभोक्ताहरुलाई स्वच्छ, स्वस्थ एवं गुणस्तरिय मासु तथा मासुजन्य उत्पादनहरु लामो समय सम्म संरक्षण र भण्डारण गरी राख्न मिल्ने सुविधायुक्त संरचना सम्झनु पर्दछ ।

३. उद्देश्य : यस निर्देशिकको उद्देश्य देहाय बमोजिम रहेको छ :

(क) स्वच्छ, स्वस्थ्य एवं गुणस्तरिय मासु तथा मासुजन्य पदार्थहरुको आपूर्ति सुनिश्चत गर्ने ।

(ख) पशु बधशाला तथा मासु जांच ऐन र तत सम्बन्धी नियमावलीको प्रभावकारी कार्यान्वयनको लागि पूर्वाधार तयार गर्ने ।

ग) मासुजन्य व्यवसायको समुचित व्यवस्थापनबाट वातावरणिय संरक्षणमा टेवा पुऱ्याउने ।

## परिच्छेद–२

## कार्यक्रम संचालन प्रकृया

४. अनुदान प्राप्त गर्न सक्ने निकायहरु/ साझेदार निकायहरु :

(क) स्थानिय तह

(ख) सहकारी संघ/संस्था

(ग) उद्योग बाणिज्य संघ/संस्था

(घ) फर्म तथा कम्पनी

(ङ) निजी उद्यमी/व्यवसायी

(च) व्यवसायीक संघ/संस्था

**५. अनुदान रकम उपलब्ध हुने क्षेत्रः** अनुदान रकम देहायका क्रियाकलापहरुको लागि उपलब्ध गराईनेछ ।

(क) पशु बधशालाको भवन निर्माण र सुधार ।

(ख) पशु बधशालामा प्रयोग हुने औजार उपकरहरु जस्तै ह्याङ्गर, हुक, ट्रलि, रेल, डिबानर, स्कयाल्डर, डिफिदर, टेवल, स्टनिङ्ग डिभाईस, प्याकेजिङ्ग मेशिन, चक्कु, बोन स, डिप फ्रिज, तथा नाश भएर नजाने अन्य औजार उपकरणहरु खरिद ।

(ग) वायो ग्याँस प्लान्ट, रेण्डरिङ्ग प्लान्ट तथा शौचालय निर्माण/सुधार ।

(घ) विजुली बत्ति, ढल निकास, ओभरहेड ट्यांकी, पाईप फिटिङ्ग, वाटर सेनिटाईजर, वेष्ट डिस्पोजल र पानी तान्न मेशिन जडान आदि ।

(ङ) पशु बधशालाको भूंईमा र भित्तामा (कम्तिमा ६ फिट उचाई सम्म) सेतो टायल लगाउन ।

(च) किरा झिंगा नपस्ने व्यवस्था र अन्य जैविक सुरक्षाका विधी अवलम्बन ।

(छ) बजार लक्षित पशु बधसाला निर्माण तथा सुधार कार्यक्रम अन्तरगत मासु चिस्यान घर निर्माण र मासु ढुवानीका लागि रेफ्रिजेरेटेड सवारी साधन खरिद ।

**६. कार्यक्रम संचालन हुने जिल्लाहरु :** प्रदेश नं.१ अन्तरगतका सबै जिल्लाहरु ।

सचिव

७. कार्यक्रम सम्बन्धी जिम्मेवारी तथा दायित्व

क. कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्पुर्ण जिम्मेवारी भूमि व्यवस्थाकृषि तथा सहकारी , मन्त्रालयको हुने छ ।

ख. साझेदारले कार्यक्रम कार्यान्वयनमा आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित कार्यालय वा अन्य निकायहरु बाट लिन सकिने छ।

ग. अनुदानग्राहीले कार्यक्रम संचालनको प्रगति प्रतिवेदन भूमि व्यवस्थाकृषि तथा सहकारी , मन्त्रालयलाई नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ।

८. कार्यक्रम कार्यान्वयन : यो कार्यक्रम देहाय बमोजिम कार्यान्वयन हुनेछ ।

क. सम्बन्धित कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार अनुसूची १ बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

ख. कार्यक्रमंमा सहभागी हुन चाहने प्रस्तावकहरुले अनुसूची–८ बमोजिमको आवश्यक कागजातहंरु सहित तोकिएको निकायमा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

ग. रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन ।

घ. उपयुक्तताका आधारमा प्राप्त आवेदकहरुको मूल्याङ्कन प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले गर्नेछ ।

९. स्कीम/व्यवसायिक योजना छनौट

क. व्यवसायिक योजनाकोको प्रारम्भिक छनौट, फिल्ड भरिफिकेसन र सिफारिसका लागि तपसिल बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहने छ ।

| | |
|---|---|
| (१) पशुपन्छी विकास महाशाखा प्रमुख | संयोजक |
| (२) बरिष्ठ कृषि विकास अधिकृत योजना महाशाखा | सदस्य |
| (३) कानून अधिकृत प्रतिनिधि | सदस्य |
| (४) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (५) बरिष्ठ अधिकृत/अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (६) पशुपन्छी व्यवसाय प्रबर्द्धन शाखाको अधिकृत | सदस्य-सचिव |

ख. समितिले आवश्यकताका आधारमा बढिमा २ जना सम्बन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

ग. रितपूर्वक पेश हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौट अनुसूची–८ बमोजिम माग गरेका आवश्यक कागजातहरु भए नभएको सूची पेश गर्नका लागि प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले सम्बन्धित कर्मचारीलाई जिम्मेवारी तोक्नेछ ।

सचिव

घ. प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले भेरिफिकेसनका लागि प्राविधिक टोली परिचालन गर्नेछ ।

ङ. प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले आवश्यक ठानेमा सिफारिस पूर्व स्थलगत अनुगमन गर्न सक्नेछ ।

च. प्रारम्भिक फिल्ड भेरिफिकेसनमा खटिएको टोलीले अनुसूची–५ बमोजिमको ढाँचामा फिल्ड भेरिफिकेसन गर्नेछ । फिल्ड भेरिफिकेसन मूल्याङ्कनमा कम्तिमा ४० अंक प्राप्त गरेको प्रस्तावलाई प्राथमिकिरण सहित प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिमा पेश गरिनेछ ।

छ. प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले अनुसूची –६ बमोजिमको मूल्याङ्कन र प्राथमिकिकरण गरी स्वीकृतिका लागि मन्त्रालयका सचिव समक्ष पेश गर्नेछ ।

१० .सम्झौता :

छनौट भएका प्रस्तावका आवेदक र कार्यालय विच अनुसूची–७ बमोजिमको ढाँचामा दुई पक्ष बीच सम्झौता गरिनेछ।

## परिच्छेद–३

## अनुदान प्राप्त गर्ने शर्तहरु

११. अनुदान प्राप्त गर्न देहाय बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ ।

(क) सूचना प्रकाशन भएको मिति अगावै प्रचलित कानुन बमोजिम दर्ता भएका स्थानिय तह , सहकारी संघ/संस्था, उद्योग बाणिज्य संघ/संस्था, व्यवसायीक संघ/संस्था फर्म, कम्पनी, उद्यमी/ व्यवसायीक मात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) पशु बधशालाको भौतिक संरचनाको डिजाईन इष्टिमेट मान्यता प्राप्त ईन्जिनियरबाट तयार गराई मन्त्रालयको पूर्व स्वीकृत लिई कार्यान्वयन गर्नु पर्नेछ ।

(ग) विगत ३ वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तरगत वा साविकको कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा सो अन्तरगतका निकायबाट सोही प्रकृतिका कार्यक्रममा अनुदान प्राप्त गरेकाहरु लागि पूनः अनुदानको लागि योग्य हुने छैन । तर अपूरो निर्माण कार्य संचालन गर्न थप अनुदान आवश्यक रहेको प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(घ) अनुदानबाट पशु बधशालाको तथा निर्माण तथा सुधार भए पश्चात् कम्तिमा २० वर्ष अनिवार्य रुपमा व्यवसाय संचालन गरेको हुनु पर्नेछ ।

सचिव

(ङ) पशु बधशाला निर्माण तथा सुधार सम्बन्धी अन्य कुराको हकमा संघिय सरकारको पशु बधशाला तथा मासु जांच ऐन २०५५, नियमावली २०५७ र प्राविधिक निर्देशिका २०६४ बमोजिम गर्न सकिनेछ ।

(च) नयाँ स्थापना हुने र पुराना दुवै किसिमका बधशालाको हकमा वातावरण संरक्षण ऐन २०५४ र वातावरण नियमावली २०५४ बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गरेको हुनु पर्नेछ ।

(छ) सम्बन्धित साझेदारले स्वस्थकर मासु उत्पादन विधि (Hygienic Code of Practice) परिपालन गर्न मन्जुर भएको ।

(ज) साझेदार निकायसंग आफ्नै स्वामित्वको पशु बधशाला निर्माण तथा सुधार गर्न १ हेक्टर जग्गा हुनु पर्नेछ र उक्त स्थान महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाको शहरी क्षेत्र भन्दा बाहिर अवस्थित रहनु पर्नेछ ।

(झ) चिस्यान घर र मासु ढुवानीको लागि रेफ्रिजेरेटेड जडान भएको सवारी साधन सहितको प्रस्तावकलाई प्राथमिकता दिइनेछ ।

(ञ) लिजमा लिएको जग्गाको हकमा कम्तिमा २० वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्नेछ ।

(ट) प्रस्तावको तर्फबाट व्यहोरिने २५ प्रतिशत लगानीको (जग्गा र चालु खर्च बाहेक) अनुसूची–४ बमोजिमको प्रतिबद्धता पेश गर्नु पर्नेछ ।

(ठ) उद्योग स्थापना गर्ने स्थलमा सडक, विद्युत र थ्री फ्रेज लाइन जडानको सुविधा भएको हुनु पर्नेछ ।

(ड) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणीय, प्राविधिक, वित्तिय र भौगोलिक रुपमा उपयुक्त हुनु पर्दछ।

(ढ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्था नियमित लेखा परीक्षण गरिएको हुनु पर्छ ।

(ण) अनुदान रकमको दुरुपयोग भएको पाईएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानून बमोजिम कार्वाही गरी सरकारी बाँकी सरह अनुदान रकम असुल उपर गरिने छ।

(त) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले सम्झौता वा कार्यक्रम अनुरुप कार्य गरेको नपाइएमा त्यस्ता प्रस्तावलाई मूल्याँकनमा समावेश गरिने छैन ।

(थ) नियमअनुसार सम्वन्धित निकायमा दर्ता भएको, करचुक्ता गरेको र स्थायी लेखा नम्वर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ।

(द) स्थानिय तहको सिफारिस भएको हुनु पर्नेछ (स्थानिय तह बाहेक) ।

सचिव

(ध) फोहर मैला फाल्ने सार्वजनिक क्षेत्र नभएको हुनु पर्नेछ ।

(न) जङ्गल तथा मानिसको बसोवास वा घना वस्तीसंग नजोडिएको हुनु पर्नेछ ।

(प) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

## परिच्छेद - ४

## अनुगमन, मूल्याङ्कन र भुक्तानी

१२. अनुगमन र मूल्याङ्कनः

(क) आवश्यकता अनुसार सम्बन्धित सरोकावालाहरुबाट र भुक्तानी प्रयोजनको लागि सम्बन्धित विज्ञ र प्राविधिक टोलीहरुबाट कार्यक्रमको अनुगमन/मूल्याङ्कन गर्न सकिनेछ ।

(ख) अनुदानको उपयोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमको शर्तहरु पालन गरेको/ नगरेको सम्बन्धमा सम्बन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ ।

(ग) अनुगमन टोलीले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ । यसरी दिइएको निर्देशन पालन गर्नु सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्ने संस्थाको कर्तव्य हुनेछ ।

(घ) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ बोर्ड तयार गरी अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरी सार्वजनिक जानकारीको लागि राख्नु पर्नेछ ।

(ङ) ईन्जिनियरिङ्ग डिजाईन अनुमान तथा भौतिक पूर्वाधारहरुको Appraisal परियोजना र सम्बद्ध , ले गर्नेछन्परामर्शदाताहरु । यसको अनुगमन तथा कार्यान्वयनको चरणमा आवश्यक पर्ने प्राविधिक रेखदेख सुपरिवेक्षण कार्य परियोजना र सम्बद्ध परामर्शदाताहरुबाट हुनेछ ।

१३. भुक्तानी प्रकिया :

(क) कार्यक्रम सम्पन्न भएको आधारमा चार किस्तामा अनुदान रकमको भुक्तानी दिईने छ। प्रथम किस्तामा अधिकतम २५ प्रतिशत रकम र कार्य सम्पन्न प्रतिवेदनको आधारमा बाँकी रकम दोश्रो, दोश्रो र तेश्रो किस्तामा भुक्तानी गरीने छ।

(ख) भुक्तानी हुने रकमको २(दुई) प्रतिशत कन्टिनजेन्सी वापत र नियमानुसारका अन्य कर कट्टा गरि बाँकी उपलब्ध गराईनेछ ।

(ग) छनौट भएको प्रस्तावकले बढिमा ३ वर्षमा कार्यक्रम तिन वर्षमा सम्पन्न गरी सक्नु पर्नेछ । यसका लागि मन्त्रालयले आवश्यकता अनुसार सालबसाली बार्षिक कार्यक्रममा बजेटको व्यवस्था गरी भुक्तानी दिने व्यवस्था गर्नु पर्नेछ ।

सचिव

(घ) यस कार्यविधि अनुरुप अनुदानबाट संचालन हुने कार्यक्रमको भौतिक पूर्वाधारहरुको निर्माण तथा मेशिनरी उपकरण खरिद र जडानको लागि बढिमा ७५% अनुदान र घटिमा २५% लागत (जग्गा बाहेक) प्रस्तावकले व्यहोर्नु पर्नेछ ।

(ङ) प्रथम किस्तामा कार्य सम्पन्न भएको आधारमा स्कीम/व्यवसायिक कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरुको लागत अनुसारको भुक्तानीको लागि माग भए अनुसार संयुक्त अनुगमन टोलीको भएको सिफारिसको आधारमा र दोश्रो, तेश्रो र अन्तिम किस्ता स्कीम/व्यवसायिक कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरु सम्पन्न भएको भनि संयुक्त अनुगमन टोली र परामर्सदाताहरुको सिफारिसको आधारमा भुक्तानी हुनेछ ।

(च) भुक्तानीका लागि आवश्यक विल, भर्पाई र प्राविधिक प्रतिवेदन र सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस सहित कार्यालयमा पेश गर्नु पर्नेछ ।

## १४. प्रतिवेदनः

(क) अनुदानग्राहीले भुक्तानी माग गर्दा व्यवसायिक योजना मुताविक सम्पादित कृयाकलापहरु उल्लेख गरी प्रतिवेदन पेश गर्नु पर्नेछ। अन्तिम किस्ता भुक्तानीको लागि सम्बन्धित प्राविधिकबाट जारी भएको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(ख) सरोकारवाला विच कम्तिमा २ पटक निर्माण कार्य शुरु अघि र निर्माण कार्य सम्पन्न गरे पछि सार्वजनिक सुनवाई गर्नु पर्नेछ र सार्वजनिक सुनुवाईको प्रतिवेदन कार्य सम्पन्न प्रतिवेदन साथ पेश गर्नु पर्नेछ ।

सचिव

## परिच्छेद–५

## विविध

**१५. आर्थिक प्रशासन सेवाः**
कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधी नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश एवं संघिय सरकारका प्रचलित ऐन, नियम र कानून बमोजिम हुनेछ ।

**१६. कार्वाहीको व्यवस्थाः**
सम्झौता बमोजिम अनुदानलाई सदुपयोग नभएको पाइएमा नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित ऐन नियम तथा कानून बमोजिम कार्वाही हुनेछ।

**१७. प्रचलित कानून लागु हुनेः**
कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएमा सोहि बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ।

१८. बिमाः योजनाको सम्भाव्यताको आधारमा बिमा गराउनु पर्नेछ ।

**१९. बाधा अड्काउ फुकाउने (खारेजी एबं संशोधन):**
(क) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्क निर्णय गर्न सक्नेछ ।
(ख) कार्यविधि कार्यान्वयनमा बाधा अडचन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।
(ग) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ ।

सचिव

# अनुसूची–१

## पशु बधशाला निर्माण तथा सुधार प्रस्ताव आह्वान सम्बन्धि सूचना

## प्रथम पटक प्रकाशित मिति २०७५/.../....

यस मन्त्रालयको आ.व. २०७५/.../.... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि तोकिए बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न लागि यस प्रदेशमा रहेका इच्छुक स्थानिय तह, सहकारी संघ/संस्था, व्यवसायीक संघ/संस्था, उद्योग बाणिज्य संघ/संस्था,/फर्म/कम्पनी/निजी उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र यस मन्त्रालयमा प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

थप जानकारीका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको फोन नं....................मा समा सम्पर्क राख्नु हुन वा मन्त्रालयको वेभसाईड ..................बाट पशु बधशाला निर्माण तथा सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका–२०७५ डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

कार्यक्रम विवरण

| क.सं. | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु. | कार्यक्रम लागू हुने जिल्लाहरु |
|---|---|---|---|---|
| | | | | |

सचिव

अनुसूची –२

आवेदन

श्री.............................

........................................

विषय : प्रस्ताव पेश गरिएको बारे ।

ताहां कार्यालयको मिति.........................को ................ .................पत्रिकामा प्रकाशित सूचना अनुसार म निवेदकले तपसिल बमोजमको कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्न ईच्छुक भई आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदकको

दस्तखत

मिति :

प्रस्तावकको नाम र थर :

स्थायी ठेगाना :

प्रस्तावित कार्यक्रमको नाम :

कार्यक्रम सन्चालन हुने स्थानको पूरा ठेगाना :

संलग्न कागजातहरुको सूची

| क्र.सं. | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
बिराटनगर, नेपाल

## अनुसूची –३

## संक्षिप्त व्यवसायीक योजना

| | |
|---|---|
| प्रस्तावित आयोजनाको नाम | |

१) आवेदक र सम्पर्क व्यक्ति सम्वन्धी विवरणः

| | |
|---|---|
| आवेदक संस्थाको नामः | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| संस्था स्थापना भएको मिति | |
| सम्बन्धित निकायमा संस्था दर्ता भएको मिति | |
| टेलिफोन | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको टेलिफोनः | |
| इमेलः | |
| प्रस्तावित उप-आयोजना स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित आयोजनाको कूल खर्च | |
| माग गरेको कूल अनुदान रकम रु | |
| प्रस्तावकको तर्फबाट | |

२) अनुदानग्राही संस्थाको अनुभव र अन्य विवरण

| | |
|---|---|
| बिगतमा गरेका कामहरुको संक्षिप्त विवरण | |
| वित्तीय, मानविय र भौतिक श्रोत | |

३) समस्या, औचित्य, उद्देश्य तथा लाभान्वित घर परविार संख्या

| | |
|---|---|
| तपाईको संस्थाले व्यवसाय संचालन सम्बन्धमा भोग्दै आएको समस्याहरु | |
| ब्यवसायिक योजना किन र के कार्यका लागि पेश गर्नु भएको हो | |
| आयोजनाको उद्देश्यहरु | |
| लाभान्वित घर परविार संख्या (प्रत्यक्ष तथा अप्रत्यक्ष) | |

४. आयोजना संचालन प्रकृया

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

| | |
|---|---|
| आयोजना कसरी संचालन हुन्छ | |

५. अनुदानबाट के उपलब्धि हासिल हुने छ

| | |
|---|---|
| क्षेत्रफल बिस्तार (हेक्टर) | |
| उत्पादन बृद्धि (परिमाण, मे.ट.) | |
| जिबिकोपार्जन तथा जिवनस्तर सुधार | |
| रोजगारी तथा आर्थिक अवस्था सुधार | |

६. आम्दानी र खर्च विश्लेषण

| आम्दानी विश्लेषण | | | | |
|---|---|---|---|---|
| बिवरण | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा आम्दानी | | | | |
| खर्च विश्लेषण | | | | |
| बिवरण | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा खर्च | | | | |
| सालाखाला मुनाफा (Gross Margin) | | | | |
| लाभ लागत अनुपात (B:C Ratio) | | | | |

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

७. मुख्य प्रस्तावित कृयाकलापहरुको लागत अनुमानको विस्तृत प्रस्तावित खर्च अनुसार विवरण पेश गर्नुहोस् ।

| क्र.सं. | मुख्य कृयाकलापहरु | माग गरेको अनुदान | आवेदकको योगदान | कूल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | कूल | | | | |

सचिव

## अनुसूची–४

## लागत साझेदारी गर्ने प्रतिबद्धता

श्री...............................मन्त्रालय/निर्देशनालय/कार्यालयको मिति ....................को .............मा प्रकाशित सूचना अनुसार..................... महानगरपालिका/ उपमहानगरपालिका/ नगरपालिका/ गाउँपालिका......... गाउँ/टोल बस्ने श्री...............ले लागत साझेदारीमा........................ कार्यक्रम संचालनका लागि पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु............... को............प्रतिशतले हुन आउने रु..................... अक्षरेपी ................बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट बेहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

निवेदकको

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

## अनुसूची –५
## स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम

(क) सामान्य जानकारी

१. जिल्ला :

२. आवेदकको नाम :

३. कार्यक्म संचालन स्थलको ठेगाना :

४. प्रस्तावि कार्यक्रमको नाम :

५. स्थलगत प्रमाणिकरण मिति :

६. स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीको विवरण

| क.सं. | पदाधिकारीहरुको नाम | पद | सहि |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

(ख) आवेदकको मूल्याङ्कन

| क.सं. | मूल्याकङ्कनका सूचकहरु | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| | | ३० | |
| १ | भौतिक क्षमता | | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ/छैन | | |
| १.२ | प्रस्तावित कार्यक्रम संचालन गर्न प्रयाप्त जग्गा छ/छैन | | |
| १.३ | भविष्यमा विस्ताका लागि जग्गा उपब्ध हुन सक्ने संभावना छ/छैन | | |
| १.४ | बाढी पहिरोले क्षति पुऱ्याउन सक्ने सम्भावना छ/छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, पानी, विजुलीको सुविधा छ/छैन | | |
| १.६ | भौगोलिक हिसावले उक्त स्थानमा प्रस्थावित कार्यक्रम संचालन गर्न उपयुक्त छ/छैन | | |
| | | १५ | |
| २ | प्रविधि क्षमता | | |

सचिव

| क.सं. | मूल्याकङ्कनका सूचकहरु | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | | |
| २.२ | आवश्यक प्राविधिक सेवाटेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| २.३ | आवेदक सम्बन्धित विषको तालिम/अनुभव प्राप्त छ/छैन | १५ | |
| ३ | **वित्तिय क्षमता** | | |
| ३.१ | आवेदकले आवश्यक लागत साझेदारी गर्न सक्न अवस्था छ/छैन | | |
| ३.२ | बैंक मौजदात वा संचालित कारोवारको वचत छ/छैन | | |
| ३.३ | आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | १० | |
| ४ | वातावरणीय उपयुक्तता | | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यन्वयन गर्दा स्थानिय बासिन्दाबाट विरोध हुन सक्ने अवस्था छ/छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातावरणमा नकारात्मक असर पुग्न सक्ने अवस्था छ/छैन | २० | |
| ५ | **अन्य पक्षहरु** | | |
| ५.१ | संस्थागत/व्यवसायिक कृयाशिलता सन्तोषजनक छ/छैन | | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारिकरण हुन सक्ने अवस्था छ/छैन | १० | |
| ६ | स्थलगत टोलीको राय | | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्नु उपयुक्त छ/छैन | | |
| | जम्मा | १०० | |

नोट : माथि उल्लेखि प्रत्येक बुँदाको स्थलगत प्रमाणिकरणमा सकारात्मक भेटी ५ अङ्क देखि र नकारात्मक अवस्था भेटिए ० अङ्क सम्म प्रदान गर्ने । उतिर्ण हुनको लागि ४० अङ्क प्राप्त गर्नु पर्नेछ । यदि कम्तिमा ४० अंक भन्दा कम प्राप्त गरेमा मूल्याङ्कन समितिमा मूल्याङ्कनको लागि छनौट गरिने छैन ।

(ग) आवेदकसंग विद्यमान भवन, सवारी साधन, ठूला मेशिनरी र उपकरणहरुको विवरण :

| क.सं. | विवरण | परिमाण | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

(घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने ।

१.

२.

३.

४.

५

(ङ) स्थलगत प्रमाणिकरण टोलको राय

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदकसंग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ/हुँदैन भनी राय पेश गर्ने ।

| क.सं. | स्थलगत प्रमाणिकरण गर्ने पदाधिकारीको नाम | हुन्छ/हुँदैन | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |



सचिव

अनुसूची –६

## प्रस्ताव मूल्याङ्कनका आधारहरु

स्कीम/व्यवसायीक योजना मुल्याङ्कन आधार

| क.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम | प्रासाङ्क |
|---|---|---|---|
| १ | अनुदानग्राहि संस्थाको अनुभव | २० | |
| १.१ | विगतमा २ वा सो भन्दा बढि आयोजना संचालन गरेको भए | ५ | |
| | २ भन्दा कम आयोजना संचालनको अनुभव | ३ | |
| १.२ | बित्तिय श्रोत परिचालन | | |
| | १ करोड भन्दा बढि | १० | |
| | रु. ५० लाख देखि रु. १ करोड सम्म | ८ | |
| | रु. ३० लाख देखि रु. ५० लाख सम्म | ५ | |
| | रु. ३० लाख भन्दा कम | ३ | |
| १.३ | व्यवस्थापक , लेखापाल , कार्यक्रम , संयोजकले तोकिएको | ३ | |
| १.४ | नियमित लेखा परिक्षण | २ | |
| २ | स्कीम/व्यवसायीक योजनाको प्राविधिक पक्ष | २० | |
| २.१ | प्राविधिक संभाव्यता | ५ | |
| | अति राम्रो | ५ | |
| | राम्रो | ३ | |
| २.२ | समस्याको विश्लेषण | ५ | |
| | अति राम्रो | ५ | |
| | राम्रो | ३ | |
| २.३ | उद्देश्य | ५ | |
| | सान्दर्भिक | ५ | |
| | कम सान्दर्भिक | ३ | |
| २.४ | औचित्य | ५ | |
| | समस्या अनुसार प्रष्ट | ५ | |
| | अप्रष्ट | ३ | |
| ३. | आयोजना संचालन प्रकृया | २० | |
| ३.१ | लाभान्वित परिवार संख्या | ५ | |

| क.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम | प्राप्ताङ्क |
|---|---|---|---|
| | ५० भन्दा बढि | ५ | |
| | ३० देखि ५० | ३ | |
| | ३० भन्दा कम | २ | |
| ३.२ | समावेशिकरण | १५ | |
| | महिला सहभागिता | | |
| | ५० प्रतिशत भन्दा बढि | ५ | |
| | ५० प्रतिशत देखि ३० प्रतिशत सम्म | ३ | |
| | ३० प्रतिशत भन्दा कम | २ | |
| | दलित | | |
| | २० प्रतिशत भन्दा बढि | ५ | |
| | १० प्रतिशत देखि २० प्रतिशत सम्म | ३ | |
| | १० प्रतिशत भन्दा कम | २ | |
| | जनजाती | | |
| | ५० प्रतिशत भन्दा बढि | ५ | |
| | ५० प्रतिशत देखि ३० प्रतिशत सम्म | ३ | |
| | ३० प्रतिशत भन्दा कम | २ | |
| ४ | उपलब्धी | २० | |
| ४.१ | उत्पादन उत्पादकत्व वृद्धि | | |
| | उत्साहजनक | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.२ | क्षेत्रफल विस्तार | ५ | |
| | उत्साहजनक | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.३ | सालाखाला मुनाफा (Gross margin) | ५ | |
| | राम्रो | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.४ | BC ratio | ५ | |
| | राम्रो | ५ | |

सचिव

| | | अधिकतम | प्राप्ताङ्क |
|---|---|---|---|
| क्र.स. | मुल्याङ्कन आधारहरु | ३ | |
| | सन्तोषजनक | २० | |
| ५ | प्रस्तावित कृयाकलाप र वित्तिय प्रस्ताव | | |
| ५.१ | प्रस्तावित कृयाकलाप र उद्देश्य तालमेल | १० | |
| | राम्रो | ५ | |
| | सन्तोषजनक | | |
| ५.२ | अनुदानग्राहिको सहभागिता | १० | |
| | ७० प्रतिशत भन्दा बढि | ८ | |
| | ६० प्रतिशत देखि ७० प्रतिशत सम्म | ५ | |
| | ५० प्रतिशत देखि ६० प्रतिशत सम्म | | |

न्यूनतम ५० प्रतिशत अंक प्राप्त गरे मात्र उतिर्ण मानिने छ । ५० प्रतिशत भन्दा कम अंक प्राप्त गर्ने स्कीम/व्यवसायीक योजनालाई प्रतिस्पर्धामा सामेल गराईने छैन ।

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.-१
विराटनगर, नेपाल

# अनुसूची-७

## पशु बधशाला निर्माण तथा सुधार कार्यक्रम कार्यान्वयनको लागि द्विपक्षिय सम्झौता-पत्र ॥

प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. १ बिराटनगरको आ.व................. को स्वीकृत कार्यक्रम अनुसार लागत साझेदारीमा पशु बधशाला निर्माण तथा सुधार कार्यक्रम संचालन गर्नको लागि मिति ................ गते प्रथम पटक................ पत्रिकामा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये यस मन्त्रालयको मिति ...................... गतेमा बसेको प्रस्ताव छनौट समितिको बैठकबाट श्री ................................को प्रस्ताव छनौट भएको हुँदा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं.१ बिराटनगर (यस पछि प्रथम पक्ष भनिने) र ..............................................(यस पछि दोश्रो पक्ष भनिने) बीच तपसिल अनुसारका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षिय सम्झौता गरिदियौं/लियौं ।

तपसिल :

१. प्रस्तावित पशु बधशाला निर्माण तथा सुधार कार्यक्रम संचालन ................जिल्ला................ नगरपालिका ................नं. ............., को................ चौक/गाउँ/टोल भन्न ठाउँमा मिति ................ सम्ममा सम्पन्न गरिनेछ ।

२. प्रथम पक्षले पशु बधशाला निर्माण तथा सुधार कार्यक्रमको लागि विनियोजित रु. ................ मध्ये दु(दुई) प्रतिशत कन्टिजेन्सी वापतको कट्टा गरी प्रथम पक्षलाई रु. ..........(अक्षरुपी .............) बराबरको आर्थिक अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ र बाँकी कम्तिमा २५ प्रतिशत रकम दोश्रो पक्षले व्यवस्था गरेको हुनु पर्नेछ ।

३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन, लागत ईष्टिमेट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारीत समय भित्र सम्पन्न गर्नु पर्नेछ ।

४. कार्यक्रम संचालनका लगि आवश्क निर्माण सम्बन्धि डिजाईन, ईष्टीमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

५. दोश्रो पक्षले शुरुमा आफ्नो तर्फ लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट विल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीको लागि प्रथम


सचिव

समक्ष पेश गरे पश्चात स्थगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोश्रो पक्षको बैंक खातामा एकमुष्ट भुक्तानी दिनेछ । वा

६. नेपाल सरकाबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ्ग विल तथा कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दुई बराबरको किस्ता वा सम्पूर्ण कार्य सम्पन्न भएमा एकै किस्तामा समेत अनुदान रकम भुक्तानी बैंक खाता मार्फत भुक्तानी प्रथम पक्षले गर्नेछ ।

७. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

८. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनको लागि गरिने कार्यहरु तथा अप्रत्याशिल रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

९. दोश्रो पक्षले कार्यक्रम संचालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखि बोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ ।

१०. दोश्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगति, उपलब्धी एवम कारोवार सम्बन्धि विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

११. कार्यक्रम संचालनका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

१२. सम्झौतामा उल्लेख हुन छुटेका विषको हकमा यस निर्देशिका, प्रचलित कानून र दुवै पक्षको सहमति अनुसार हुनेछ ।

१३. द्विपक्षिय सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम प्रथम पक्षले सरकारी बाँकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

१४. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन, ईष्टिमेट र दरभाउ मेशिनरी, उपकरण र अन्य सामानहरु खरिद गर्नु पूर्व प्रथम पक्षसंग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नु पर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्षले रकम भुक्तानी दिन बाध्य हुने छैन ।



सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

१५. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद पहिलो पक्ष जिम्मेवार हुने छैन ।

**नोट : द्विपक्षिय सम्झौतामा आवश्यकता मुताविकका अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिन्छ**

प्रथम पक्षको तर्फबाट
हस्ताक्षर :
नाम :
पद :
कार्यालयको छाप :

दोश्रो पक्षको तर्फबाट
हस्ताक्षर :
नाम :
पद :
संस्थाको छाप :

औठाको छाप : दायाँ बायाँ

ईति सम्बत ............... साल ..............महिना............. गते रोज ............ शुभम्

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.–१
विराटनगर, नेपाल

# अनुसूची–८

## प्रस्ताव –पत्रका साथ सम्मिलित हुनु पर्ने कागजातहरु :

१. सहकार्यको लागि रु. ५००।०० राजश्व दाखिला गरेको भौचर ।

२. अनुसूची–२ बमोजिमको आवेदन

३. सम्बन्धित निर्देशिकामा तोकेको ढाँचामा तयार गरिएको अनुसूची–३ बमोजिमको संक्षिप्त व्यवसायीक कार्ययोजना ।

४. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपी ।

५. लिजमा लिएको जग्गाको हकमा कम्तिमा २० वर्षको करारनामा वा सम्झौता पत्र ।

६. प्रचलित कानून बमोजिम अधिकारिक निकायमा संस्था/फर्म/व्यावसाय दर्ता दर्ता नविकरण गरेको प्रमाणित प्रतिलिपि (स्थानिय तह बाहेक) ।

७. सहकारी संस्था/व्यावसायीक संस्था/फर्म/कम्पनीको हकमा मूल्य अभिबृद्धी कर **(VAT)** वा स्थायी लेखा नम्बर **(PAN)** दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

८. कार्य समितिको निर्णयको प्रतिलिपी ।

९. अघिलो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता/दाखिलाको प्रमाणित प्रतिलिपी

१०. प्रस्तावकले कम्तिमा २५ प्रतिशत लागत साझेदारी गर्ने अनुसूची–४ बमोजिमको प्रतिबद्धता पत्र ।

११. प्रस्ताव अनुसारको डिजाइन र लागत अनुमान ।

१२. कार्यान्वयन स्थलको फोटो ।

१३. Pre Feasibility Study को प्रतिवेदन भएको ।

१४. स्थानिय बासिन्दाबाट विरोध नहुने प्रतिबद्धता ।

१५. सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र ।

१६. नेपाली नागरिकताको प्रमण पत्रको प्रतिलिपी

सचिव